निर्णय नं. १
यस वर्षको मनसुन शुरु भई प्रतिदिन वर्षा भईरहेको र डडेल्धुरा जिल्लाका भित्री मधेस लगायतका अन्य स्थानहरु समेत बाढी/पहिरोको उच्च जोखिममा रहेको हुँदा बाढी/पहिरो बाट जोखिममा रहेका स्थानमा बसोबास गर्ने जनता तथा स्थानीय तहहरुलाई पूर्ण रुपमा सचेतना अपनाउन तथा बाढीपहिरो लगायतका विपद् एवं माहामारी आईहालेमा तुरुन्त उद्धार, पुर्नस्थापना तथा राहत लगायतका कार्यमा जुट्न एवं जिल्ला स्थित सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी उद्धार, पुर्नस्थापना तथा राहत लगायतका कार्य गर्न सम्पूर्ण जनसमुदाय, स्थानीय तह, राजनैतिक दल, पत्रकार,उद्योग वाणिज्य संघ, नागरिक समाज, सुरक्षा निकाय, विपद्सँग सम्बन्धित गै.स.स. लगायत सम्वद्ध सबैलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २
निकट भविष्यमा आउन सक्ने बाढी, पहिरो,माहामारी लगायतका विपद्को व्यवस्थापनको लागि सबै स्थानीय तह, स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समिति, सबै सुरक्षा निकाय, जिल्ला स्थित अस्पतालहरु, स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी, नेपाल रेडक्रस सोसाइटी, विपद्संग सम्बन्धित विभिन्न संघ संस्थाहरुले विपद् व्यवस्थापन एवं माहामारी नियन्त्रणका लागि आवश्यक सामाग्रीहरु तयारी हालतमा राख्ने र कुनै पनि समयमा विपद् एवं माहामारी आइहालेमा सोको व्यवस्थापनमा सक्रियताका साथ जुट्ने निर्णय गरियो ।

निर्णय नं. ३
निकट भविष्यमा आउन सक्ने विपद् व्यवस्थापनको लागि सबै स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति लगायतले आ-आफ्नो विपद् व्यवस्थापन कोषलाई दुरुस्त राखी र विपद् आई हालेमा सोको व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
सबै स्थानीय तहहरुलाई आ-आफ्नो क्षेत्र भित्र रहेका सडकहरुलाई नियमित रुपमा सुचारु गर्नको लागि र सडकमा बाढी पहिरोको कारण कुनै स्थानमा अवरोध आईहालेमा तुरुन्त अवरोध हटाई सडक सुचारु गर्न स्काईभेटर, डोजर लगायतका मेसिनरी तथा जनशक्तिहरुलाइ तयारी हालतमा राखी आवश्यकता अनुसार परिचालन गरी सडकलाई तुरुन्त सुचारु गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
यस जिल्लाको सिमा क्षेत्र भित्र रहेका बुडरदेखि अनारखोली सडकखण्ड र स्याउले देखि कोरालखोला सडक खण्डमा निकट भविष्यमा बाढी पहिरोका कारणबाट आउनसक्ने अवरोधलाई तत्काल हटाई सडक सुचारु गर्ने प्रयोजनको लागि डोजर, स्काईभेटर लगायतका मेसिनरी र जनशक्तिहरुलाई उक्त सडकखण्डमा तयारी हालतमा राखी अवरोध आइहालेमा तुरुन्त परिचालन गर्न सडक डिभिजन कार्यालय कुलपाते, दिपायल डोटीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
यस वर्षको मनसुन शुरु भई सकेको हुदा निकट भविष्यमा हुन सक्ने सबै प्रकारका विपद् एवं माहामारीबाट जोगिन र सुरक्षित रहन डडेल्धुरा जिल्लाका सम्पुर्ण आम जनसमुदायलाई अनुरोध गर्ने र कुनै विपद् एवं माहामारी आई हालेमा नजिकको सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, स्थानिय तह, जिल्ला विपद् व्यवस्थापन समिति लगाएतमा तुरुन्त खबर गर्ने प्रकृतिको जनहितसंग सम्बन्धित सूचना जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी र सम्बन्धित संचार माध्यमका तर्फबाट विभिन्न सामुदायिक रेडियोहरुबाट जनहितकारी सूचना जारी गर्न नेपाल रेडक्रस सोसाईटी डडेल्धुरा शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।